बैठक संख्या - ४

आज मिति २०८१ साल कार्तिक १२ गते सोमबारका दिन श्री साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले निम्न कार्यसूचि उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रवि प्रकाश राई | गाउँपालिका अध्यक्ष | [signature] |
| २ | श्री विर्सिका राई | गाउँपालिका उपाध्यक्ष | [signature] |
| ३ | श्री हेमन राई | १ नं. वडाध्यक्ष | |
| ४ | श्री जितेन्द्र कुमार राई | २ नं. वडाध्यक्ष | |
| ५ | श्री गोविन्द तामाङ | ३ नं. वडाध्यक्ष | [signature] |
| ६ | श्री अर्जुन कुमार कटवाल | ४ न. वडाध्यक्ष | |
| ७ | श्री जीवन खत्री | ५ नं. वडाध्यक्ष | [signature] |
| ८ | श्री मनकुमारी राई | कार्यपालिका सदस्य | [signature] |
| ९ | श्री सुजना वि.क. | कार्यपालिका सदस्य | [signature] |
| १० | श्री भगवती वि.क. | कार्यपालिका सदस्य | [signature] |
| ११ | श्री शर्मिला कट्टेल | कार्यपालिका सदस्य | [signature] |
| १२ | श्री दिपक सुनार | कार्यपालिका सदस्य | [signature] |
| १३ | श्री नरवहादुर दर्जी | कार्यपालिका सदस्य | [signature] |
| १४ | श्री जीवन सुवेदी | सदस्य सचिव (प्र.प्र.अ) | [signature] |

आमन्त्रित

१. अधिकृत सातौं श्री दुर्ग वहादुर राई (सामाजिक विकास शाखा) [signature]
२. अधिकृत छैठौं श्री शर्मिला राई (प्रशासन शाखा)
३. भोजराज खनाल, लेखापाल ( सहायक पाचौं) [signature]
४. MIS operator श्री डिल्लीमाया राई [signature]

सहयोगी कर्मचारी

[signature]

१. राजन खड्का
२. नइन्द्र राज भुजेल

कार्यसूचिहरु/प्रस्तावहरु

१. वडा नं. ४ को वडाध्यक्षको अनुपस्थितिमा वडाध्यक्षले गर्ने प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्यको जिम्मेवारी तोक्ने सम्बन्धमा,
२. वडा नं. ४ का वडाध्यक्ष ज्यू लामो समयदेखि वडाध्यक्ष अनुपस्थित रहनुहुँदा वडा कार्यालयमा पर्न गएको असरको सम्बन्धमा सो को स्थायी समाधान गर्ने वा विकल्प तय गर्ने सम्बन्धमा सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा,

[signatures]

बैठक संख्या - ४

आज मिति २०८१ साल कार्तिक १२ गते सोमबारका दिन श्री साकेला गाउँपालिकाका अध्यक्ष श्री रवि प्रकाश राईको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकले निम्न कार्यसूचि उपर छलफल गरी निर्णय पारित गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री रवि प्रकाश राई | गाउँपालिका अध्यक्ष | |
| २ | श्री विर्सिका राई | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री हेमन राई | १ नं. वडाध्यक्ष | |
| ४ | श्री जितेन्द्र कुमार राई | २ नं. वडाध्यक्ष | |
| ५ | श्री गोविन्द तामाङ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री अर्जुन कुमार कटवाल | ४ न. वडाध्यक्ष | |
| ७ | श्री जीवन खत्री | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री मनकुमारी राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सुजना वि.क. | कार्यपालिका सदस्य | |
| १० | श्री भगवती वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री शर्मिला कट्टेल | कार्यपालिका सदस्य | |
| १२ | श्री दिपक सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री नरवहादुर दर्जी | कार्यपालिका सदस्य | |
| १४ | श्री जीवन सुवेदी | सदस्य सचिव (प्र.प्र.अ) | |

आमन्त्रित

१. अधिकृत सातौं श्री दुर्ग वहादुर राई (सामाजिक विकास शाखा)
२. अधिकृत छैठौं श्री शर्मिला राई (प्रशासन शाखा)
३. भोजराज खनाल, लेखापाल ( सहायक पाचौं)
४. MIS operator श्री डिल्लीमात राई

सहयोगी कर्मचारी

१. राजन खड्का
२. नइन्द्र राज भुजेल

कार्यसूचिहरु/प्रस्तावहरु

१. वडा नं. ४ को वडाध्यक्षको अनुपस्थितिमा वडाध्यक्षले गर्ने प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्यको जिम्मेवारी तोक्ने सम्बन्धमा,
२. वडा नं. ४ का वडाध्यक्ष ज्यू लामो समयदेखि वडाध्यक्ष अनुपस्थित रहनुहुँदा वडा कार्यालयमा पर्न गएको असरको सम्बन्धमा सो को स्थायी समाधान गर्ने वा विकल्प तय गर्ने सम्बन्धमा सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा,

३. यस गाउँपालिकामा विनियोजित बजेटबाट तय गरिएका योजनाहरु मध्येमा रु. ५०,०००/- (पचास हजार) सम्मका योजनाहरु सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ तथा नियमावली २०६४ को नियम ९८ वमोजिम अमानतबाट वडा कार्यालय मार्फत सञ्चालन गर्ने सम्वन्धमा,

४. यस साकेला गाउँपालिकाको बजार व्यवस्थापन तथा अनुगमन सम्बन्धि कार्यविधि उपरमा छलफल गरी निर्णय गर्ने सम्बन्धमा,

५. विविध विषय सम्बन्धमा:-

क) यस साकेला गाउँपालिकाभित्र कुनै भवन निर्माण गर्नुपूर्व सम्बन्धित वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनुपर्ने सम्वन्धमा,

ख) गाउँपालिका सञ्चालित सवारीहरु (एम्बुलेन्स, व्याकुलोडर, ट्रयाक्टर समेत) को सवारी चालकको बिहान वेलुकाको नियमित खाना खर्चको व्यवस्थापन सम्बन्धमा,

ग) गाउँपालिकाको पशु स्वास्थ्य शाखाबाट प्रवाह हुने सेवामध्येमा पशु बन्ध्याकरण तथा ट्रेभिज निर्माणका लागि स्थान तोक्ने सम्वन्धमा,

<u>निर्णयहरु:-</u>

१. यस गाउँपालिकाको वडा नं. ४ को वडाध्यक्ष मिति २०८० माघ देखिनै वडा कार्यालय तथा गाउँपालिकामा अनुपस्थित रहनुभएको, विदेशमा गई बसोबास गर्नुभएको हुँदा, सो कारणले वडाका नियमित कामकाज प्रभावित भएको भन्ने व्यापक जनगुनासो आएको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ग (६) ले वडाध्यक्ष सात दिन भन्दा बढी अनुपस्थित रहने भएमा निजले नै वडाका वडासदस्यहरुमध्येबाट दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न जिम्मेवारी तोक्नुपर्ने भन्ने व्यवस्था छ ।ऐनमा भएको यस व्यवस्थाले कार्यालयको कामले वा जनहितको कुनै कामका लागि जरुरी परी कार्यालयमा केही समय अनुपस्थित रहने अवस्थाका लागि कार्यालयको नियमित कार्यमा बाधा नपरोस् भनि यस्तो व्यवस्था गरिएको भन्ने बुझिन्छ । उल्लेखित व्यवस्थामा वडाध्यक्ष लामो समयका लागि लगातार अनुपस्थित हुने वा विदेशमा नै गई बस्दाको अवस्थाको परिकल्पना नगरिएको र त्यस सम्बन्धमा ऐनमा अन्यत्र कतै उल्लेख नभएको समेतको प्रस्तुत सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११५ ले दिएको अधिकार प्रयोग गरी वडा नं. ४ को वडाध्यक्षले प्रचलित कानून बमोजिम गर्नुपर्ने दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्नको लागि निज वडाध्यक्ष अर्जुन कुमार कटुवाल फर्केर कार्यभार नसम्हालुञ्जेल वा कार्यपालिका बैठकबाट प्रस्तुत विषयमा अर्को निर्णय नहुञ्जेलसम्मका लागि वडा नं. ४ का वडासदस्य श्री भिमबहादुर खड्कालाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

२. यस गाउँपालिकाका (वडा नं ४ का) वडाध्यक्ष २०८० माघ महिनादेखि यस गाउँपालिकाका साथै तथा वडा कार्यालयमा समेत उपस्थित नहुनुभएको भन्ने जानकारी प्राप्त भएको, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ग (६) ले वडाध्यक्षले आफू वडामा अनुपस्थित हुने अवस्थामा वडा समितिको कुनै जिम्मेवारी तोक्दा सो को जानकारी गाउँपालिका अध्यक्षलाई दिनुपर्ने व्यवस्था भएकोमा निज वडाध्यक्षले सो समेत नगर्नुभएको अवस्थामा, निज वडाध्यक्ष विदेश (अमेरिका) मा बसोबास गर्नुभएको भन्ने अनौपचारिक

रुपमा खुल्न आएको तर, निजको हालको बसोबासको ठेगाना समेत यकिन नभएको, निजले वडाध्यक्षको पदबाट राजिनामा समेत नदिनुभएको हुँदा निजको लामो समयको अनुपस्थितिमा यस गाउँपालिका/वडा कार्यालयको कामकाजमा परेको असरको स्थायी समाधान गर्नका लागि निजलाई वडा कार्यालयमा उपस्थित भै नियमित कामकाजमा फर्काउने वा निजको विकल्पको रुपमा अर्को व्यवस्था हुने सम्बन्धमा निकास तथा आवश्यक कार्यवाही गर्ने सम्बन्धमा निर्वाचन आयोग नेपाल, जिल्ला प्रशासन कार्यालय, खोटाङ र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारमा लेखी पठाउने निर्णय गरियो ।

३. गाउँपालिकाबाट तथा वडा कार्यालयहरुबाट विनियोजित बजेट रकमका योजनाहरुमध्ये कतिपय योजनाहरु सानो रकमको हुने गरेका, उपभोक्ता समिति गठन गरी कार्यसम्पन्न गर्दा तिनले प्रशासनिक खर्च तथा अन्य व्यवहारिक खर्च बढाउने, संस्थाको बैक खाता खोल्नुपर्ने, बैंकमा केही रकम रिजर्भ रहने, सानो रकमका लागि गाउँपालिका तथा अन्य सम्बन्धित कार्यमा धाउनुपर्ने जस्ता समस्याहरु रहने कारणले उपभोक्ता समितिबाट कार्यसम्पन्न गर्न कठिनाई हुने, भएको कामको पनि गुणस्तरमा प्रश्न उठ्न जाने समेत भएको हुँदा, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४५ तथा नियमावली २०६४ को नियम ९८ बमोजिम रु. ५०,०००/- (पचास हजार) सम्मका योजना/कार्यक्रमहरु वडा कार्यालय मार्फत नै संचालन हुने गरी निर्णय पारित गरियो ।

४. यस कार्यपालिका बैठकमा पेश भएको "साकेला गाउँपालिका बजार व्यवस्थापन अनुगमन कार्यविधि २०८१" उपरमा व्यापक छलफल गरी सो कार्यविधि सर्वसम्मतिले पारित गरियो ।

५. विविध सम्बन्धमा

क) यस साकेला गाउँपालिकाभित्र कुनै आवासीय, गैरआवासीय, व्यापारिक वा अन्य कुनै प्रकारका भवन निर्माण गर्नुपूर्व सम्बन्धित वडा कार्यालयमा जानकारी/दर्ता गराउनुपर्ने, वडा कार्यालयले त्यसको रेकर्ड राखी नियमित अद्यावधिक गर्नुपर्ने र सोको त्रैमासिक रुपमा प्रतिवेदन गाउँपालिकामा पेश गर्ने निर्णय गरियो ।

ख) यस गाउँपालिकामा कार्यरत सवारी चालकहरु (ब्याकोलोडर, एम्बुलेन्स र ट्याक्टर चालक) जो सीपयुक्त जनशक्ति हुन्, उनीहरुलाई प्रोत्साहन गर्न तथा सेवामा टिकाईराख्नका लागि निजहरुको बिहान बेलुकाको खाना वापतको रकम विगतदेखि नै गाउँपालिकाले व्यहोर्ने गरेकोमा सो भुक्तानी कार्यलाई व्यवस्थित गर्न तीन जना चालकहरुलाई प्रतिव्याक्ति प्रतिमहिना रु. ८,०००/- (आठ हजार) मा नबढ्ने गरी पेश भएको बिल बमोजिमको रकम कार्यालयले भुक्तानी गर्ने निर्णय गरियो ।

ग) यस गाउँपालिकामा पशु बन्ध्याकरण स्थल नभएको हुँदा सेवा प्रवाह गर्न कठिन भएको भनी पशु सेवा शाखाबाट गुनासो आएको हुँदा पशु स्वास्थ्य सेवाका लागि बन्ध्याकरण स्थल (पछि ट्रेभिज समेत निर्माण हुने गरी) निर्माणाधीन प्रशासकीय भवनको पुर्वपट्टी (हाललाई अस्थायी रुपमा) स्थान तोक्ने निर्णय पारित गरियो ।